# जापानमा इन्जिनियर्स दिवस मनाउने

नेपाली इन्जिनियरहरुको पेशागत संस्था "नेपाल इन्जिनियर्स एसोसिएसन (NEA)" को स्थापना दिबस नेपाल लगायत बिभिन्न देशहरुमा मनाइदै छ। नेपाल इन्जिनियर्स एसोसिएसनको जापान केन्द्रले टोकियो र क्योटोमा "नेपाल इन्जिनियर्स दिवस" भव्यताका साथ मनाउने तयारी गरिरहेको छ। टोकियोमा हुने कार्यक्रममा जापानका लागि नेपाली राजदुत महामहिम डा. गणेश योन्जनज्युको प्रमुख आतिथ्यमा टोकियो विश्वविद्यालयको कोमाबा क्याम्पसमा २००९ जुलाई १९ तारिक (२०६६ श्राबण ४ गते) आइतबार बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म नेपाली तथा जापानी इन्जिनियरहरुको भब्य उपस्थितीका बिच हुँदैछ। उक्त कार्यक्रममा "नेपालमा पूर्वधार विकास तथा वातावरण संरक्षण" का बारेमा सम्बन्धित क्षेत्रमा लामो अनुभव हासिल गरिसक्नु भएका सिनियर नेपाली इन्जिनियरहरुले आफ्नो अनुसन्धान तथा अनुभवलाई उपस्थित महानुभाव सामु प्रस्तुत गर्नुहुने छ। उक्त कार्यक्रममा जापानी सिभिल इन्जिनियर्स सोसाइटीको प्रतिनिधिहरू समेत सामेल हुनु हुने छ।

त्यसैगरी क्योटोमा २००९ जुलाई १८ तारिक (२००९ श्रावण ३ गते) शनिबार बिहान ११ बजेदेखि बेलुका ५ बजेसम्म क्योटो विश्वविधालयको योशिदा क्याम्पसमा हुने कार्यक्रममा नेपाल सम्बन्धित अनुसन्धान गरिराख्नु भएका नेपाली इन्जिनियरहरुले आफ्नो अनुसन्धान तथा जापानमा हाशिल गरेको अनुभव उपस्थित महानुभाव सामु प्रस्तुत गर्नु हुने छ।

टोकियो र क्योटो दुवै स्थानका कार्यक्रममा नेपालको विकासमा चासो राख्ने जापानबासी सम्पुर्ण नेपालीका लागि बुझ्न सजिलो होस् भन्ने उद्देश्यले प्राविधिक शब्दहरू पनि सर्वसाधरण सबैले बुझ्ने गरी सरल भाषामा प्रस्तुत गरिने छ । जापानमा अध्ययनरत विद्यार्थीवर्ग तथा विभिन्न पेशामा संलग्न सम्पुर्ण दाजुभाइ तथा दिदीबहिनीका लागि कार्यक्रमहरू उपलब्धी मुलक हुने छ । उक्त कार्यक्रम आयोजानाका लागि जापानबासी सिनियर इन्जिनियरहरुको एउटा सल्लाहकार समिती तथा डा. भोज राज पन्थ (टोकियो) र ई. राम कृष्ण रेग्मी (क्योटो) को सम्योजकत्वमा स्थानिय कार्यक्रम ब्यबस्थापन समिती बनाइएको छ। कार्यक्रम स्थल तथा अन्य विस्तृत जानकारी http://www.neajc.org/ वेबसाइटमा राखिएको छ ।